का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ भदौ २०७९,
बिहीबार
1 September 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २०८ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

# जबराको उल्टै आरोप

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ भदौ ।

महाअभियोग लागेपछि गएको फागुनदेखि निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले उल्टै न्यायाधीशहरु, अधिवक्ता र राजनीतिक नेतृत्वप्रति गम्भीर आरोप लगाएका छन् ।



महाअभियोग लागेपछि निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले उल्टै राजनीतिक दल, न्यायाधीश, नेपाल बार लगायतमाथि गम्भीर आरोप लगाएका छन् । गएको १ फागुनमा महाअभियोग लागेपछि जबरा निलम्बित भएका थिए ।

तर संसदले गठन गरेको महाअभियोग सिफारिस समितिले भर्खर मात्रै छानबीन अगाडि बढाएको छ । छानबीनका क्रममा जबरालाई बुधबार बयान लिइएको छ । दिउँसो साढे १२ बजेबाट शुरु भएको बयान साढे चार घण्टा बढी चलेको थियो । तर बुधबार नसकिएपछि आज फेरि बयान लिइने सिफारिस समितिका जेष्ठ सदस्य रामबहादुर बिष्टले बताए ।

उनका अनुसार, जबराका लागि ४३ वटा प्रश्न तयार भएको छ । बुधबार जबराको नाम, घर, ठेगाना लगायतबाट प्रश्न शुरु भएको थियो । त्यसपछि महाअभियोगका क्रममा लागेको आरोपबारे प्रश्न शुरु भयो । तर जवाफमा भने जबराले न्यायाधीशहरुमाथि नै गम्भीर आरोप लगाएका छन् ।

समितिका सदस्यहरुका अनुसार, जबराले सर्वोच्चका न्यायाधीशहरुबारे व्यक्तिगत रुपमै ओर्लिएर आरोप लगाएका छन् । जबरा निलम्बित भएपछि कार्यबाहक प्रधानन्यायाधीश बनेका दीपक कार्की पदको लोभमा फसेको आरोप लगाए । 'म पछि प्रधानन्यायाधीश हुने पालोका मान्छेमा लोभ हुँदैन र ?', जबराको जवाफ थियो ।

गएको वर्ष १४ कात्तिकदेखि १५ मंसिरसम्म सर्वोच्चका न्यायाधीशहरुले जबराको राजीनामा माग गर्दै इजलास बहिष्कार गरेका थिए । बन्दीप्रत्यक्षीकरणका सुनुवाइ समेत केही समय प्रभावित बनेको थियो । जबराले सांसदहरुको प्रश्नमा प्रतिनिधिसभा पुनर्स्थापना गर्ने अरु न्यायाधीशहरुलाई पनि महाअभियोग लगाउनुपर्ने तर्क गरेका थिए ।

'२८ गतेपछि (प्रतिनिधिसभा पुनर्स्थापना भएको दिन) किन महाअभियोग आयो, महाअभियोग लाग्दा पाँचै जना (न्यायाधीशहरु) मा आउनुपर्ने

– बाँकी पृष्ठ २ मा



# बढ्यो बालेनको अनुशरण

अनधिकृत र नक्सा पास बिपरीत बनेका संरचना हटाउने काठमाडौं महानगरपालिकाका मेयर बालेनको अभियानलाई देशका अन्य पालिकाका प्रमुखले पनि सिको गर्न थालेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ भदौ ।

काठमाडौं महानगरका मेयर बालेन्द्र शाह (बालेन)को सिको देशका अन्य जनप्रतिनिधिहरुले पनि गर्न थालेका छन् । मेयर बालेनले अनधिकृत र नक्सा पास बिपरीतको भौतिक संरचना हटाइरहेका छन् । उनी आफै अगाडि बढेर थालेको यस्तो अभियानको सिको देशका अन्य जनप्रतिनिधिले पनि गर्न थालेका हुन् ।

पोखरा महानगरपालिका, हेटौँडा उपमहानगरपालिका र मेलम्ची नगरपालिकाले अनधिकृत संरचना भत्काउन निर्देशन दिइसकेको छ । बुधवार मात्रै हेटौँडा उपमहानगरपालिका कार्यपालिकाको बैठकले सडकपेटी मिचेर निर्माण भएका अवैध संरचना हटाउने निर्णय गरेको छ ।

३५ दिने सूचना जारी गर्दै अटेर गरिए अवैध संरचनामा डोजर चलाउने उपमहानगरपालिकाले जनाएको छ । साथै, अव्यवस्थित संरचनाको मूल्याङ्कन र अनुगमनका लागि हेटौँडा-१० का अध्यक्ष फुर्वा दोर्जे लामाको संयोजकत्वमा अव्यवस्थित संरचना व्यवस्थापन कार्यदल समेत गठन गरेको छ ।

मेलम्ची नगरपालिकाका मेयर आइतमान तामाङले घर अगाडि बनाइएका भऱ्याङ, व्यापारिक प्रयोजनका लागि हालिएका पालि तथा अन्य संरचना हटाउन निर्देशन दिइएका हुन् । गत साउन ४ गतेको बैठकले अवैधानिक संरचना हटाउन १५ दिने सूचना जारी गरे पनि नगरवासीले त्यसको वेवास्ता गर्दै आएका थिए । तसर्थ, मेयर तामाङ सहितको टिमले हिंड्ने

– बाँकी पृष्ठ २ मा

# भिजिट भिसामा भनी घरेलु काममा कुवेत लैजान लागिएका ३९ जना विमानस्थलबाट फिर्ता

**काठमाडौं/रासस–** भ्रमण भिसाको दुरुपयोग गरी मानव बेचविखनका घटना सार्वजनिक हुन थालेपछि प्रहरीले कडा निगरानी थालेको छ । यही भदौ ८ देखि ११ गतेसम्ममा प्रहरीले भ्रमण भिसामा जान लागेका झण्डै दुई सय व्यक्तिको कागजात शंकास्पद देखिएपछि उनीहरुलाई त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलबाट फिर्ता गरेको थियो ।

उनीहरुमाथि अनुसन्धान गर्ने क्रममा ३९ जनालाई नक्कली कागजात बनाएर भ्रमण भिसा दिई कुवेतमा बेचविखन गर्न लागेको खुलेको प्रहरीको मानव बेचविखन तथा अनुसन्धान ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दानबहादुर मल्लले जानकारी दिए । त्यसमा केही व्यक्ति संलग्न रहेका पाइएकाले उनीहरुको खोजीकार्य शुरु भएको उनले बताए ।

नेपाल सरकारले घरेलु कामदार पठाउन रोक लगाएको कुवेतमा पठाउने क्रममा यही भदौ ८ गते त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलबाट पीडितलाई फिर्ता गराएको थियो । पीडितलाई फ्रि-भिसा फ्रि-टिकटमा कुवेतमा घरायसी काममा लगाइदिने र आकर्षक तलब मिल्ने प्रलोभन दिइएको पाइएको छ । गिरोहले पीडितको आवश्यक पासपोर्ट लगायतका कागजातसमेत आफैं बनाई महिला र पुरुषलाई काठमाडौंमा ल्याएर राख्ने गरेको खुल्न आएको प्रहरीले बताएको छ ।

उनीहरुका कागजात जाँच गर्दा नक्कली रहेको फेला परेको छ ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## व्यवसायीलाई क्यूआर कोडको तालिम

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वैदेशिक रोजगारमा जाने नेपाली कामदार तथा वजार प्रवर्द्धनका लागि जाने व्यवसायीलाई क्युआर कोड तथा खोपका विषयमा तालिम दिने भएको छ । उक्त तालिम आगामी भदौ १७ गते शुक्रबार टेकु स्वास्थ्य सेवा विभागभित्र रहेको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मनकामना हलमा हुने तय भएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यसमिति, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र जातीय, भेगीय संघ संगठनका प्रतिनिधिसहित सबै व्यवसायीलाई सहभागी गराउने गरी उक्त तालिम आयोजना गरिएको संघको समस्या सहजीकरण प्रतिनिधि कर्णराज कटुवालले मध्यान्हलाई बताए ।

## मलेसियामा २४६ नेपाली पक्राउ

**काठमाडौं/मस–** मलेसियामा गैरकानूनीरूपमा बसेका २ सय ४६ जना नेपाली पक्राउ परेका छन् । मलेसिया अध्यागमन कार्यालयले गत जनवरीयता सञ्चालन गरेको ५ हजार ४ सय १६ अपरेशनमा अवैधानिकरूपमा लुकीछिपी बसेका १३ हजार ५ सय २४ जना मध्ये नेपालीको संख्या २ सय ४६ जना रहेको मलेसियाको अध्यागमनलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । त्यस अवधिमा गैरकानूनीरुपमा बस्ने सबैभन्दा धेरै इन्डोनेशियाका ६ हजार ४८, म्यानमारका २ हजार ९३, बंगलादेशका १ हजार ७ सय ३२, थाइल्यान्डका ९ सय ६९, फिलिपिन्सका ७ सय १८, भारतका ५ सय ५५, पाकिस्तानका ३ सय ६६, कम्बोडियाका २ सय ५३ र भियतनामका २ सय ३५ जना रहेका छन् ।


KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: NATIONAL CATERING COMPANY GENERAL TRADING & CONTRACTING W.L.L.

NCC

पूर्व स्वीकृत मिति: २०७९/०५/१५ चलानी नं.: ६०१८३४३६ LT. No.: 270773 शहर: KUWAIT

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 20 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper (Indoor) | 62 | 0 | | 85 | ३५,००९ | | | | | | | |
| 3. | waiter | 200 | 0 | | 120 | ४९,४२५ | | | | | | | |


अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ २३ र ३० गते (8 & 15 September 2022) मा हुनेछ ।
सिद्धार्थ फुड ल्याण्ड, पुरानो बानेश्वर, काठमाडौंमा २०७९ भदौ २४ गते (9 September 2022) मा हुनेछ ।
दुर्गा पार्टी प्यालेस, इटहरी सुनसरीमा २०७९ भदौ २५ गते (10 September 2022) मा हुनेछ ।
विश्राम होटेल रेष्ट्रो, पृथ्वीचोक, पोखरा कास्कीमा २०७९ भदौ २६ गते (11 September 2022) मा हुनेछ ।
तुलिप होटेल ड्राईभर टोल, बुटवल रुपन्देहीमा २०७९ भदौ २७ गते (12 September 2022) मा हुनेछ ।
स्वस्तिक कटेज, नेपालगंज बाँकेमा २०७९ भदौ २८ गते (13 September 2022) मा हुनेछ ।
रेड कारपेंट होटेल, चितवन भरतपुरमा २०७९ भदौ २९ गते (14 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9810330880, 9801026390
शाखा कार्यालय तिलितोमा-३, बुटवल फोन नं: ०७१-४३८३१६, ९८४७०१३१३९





मध्यान्ह
www.madhyanhadaily.com
१६ भदौ २०७९, बिहीबार
1 September 2022, Thursday

# सुशासन प्रवर्द्धन गर्न समन्वय र सहकार्य आवश्यकः प्रमुख आयुक्त राई

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेम कुमार राईले सुशासन प्रवर्द्धन गर्ने कार्यमा सबै नियामक निकायको सामुहिक जिम्मेवारी रहेको बताएका छन् ।

आयोगले आयोजना गरेको नियामक निकायसँगको अन्तरक्रियामा प्रमुख आयुक्त राईले सुशासनका लागि सबै मिलेर समन्वय र सहकार्यको साथ अघि बढ्नुपर्नेमा जोड दिए ।

'सार्वजनिक नियामक निकायको प्रभावकारिता, आपसी समन्वय र सहकार्य' सम्बन्धी अन्तरक्रियामा प्रमुख आयुक्त राईले भने, 'नियामक निकायहरुले आफूले सम्पादन गर्नुपर्ने कामको समय निर्धारण गरी सेवा प्रवाह गर्ने व्यवस्था कार्यन्वयनमा ल्याउनुपर्छ ।

अनुगमन तथा सुपरिवेक्षणको कार्यको मुल्याङ्कन शाखालाई प्रभावकारी बनाउनुपर्ने, जिम्मेवार र जवाफदेही बनाउनुपर्ने



देखिन्छ। अर्कोतर्फ कार्य सम्पादन करारलाई कार्यसम्पादन मुल्याङ्कनसँग आवद्ध गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।'

यस्तै, कार्यक्रममा आयोगका आयुक्तहरुले सुशासनको प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने कार्य वहुआयमिक विषय भएकोले सबै नियामक निकायहरुले आपसी समन्वय र सहकार्यका साथ अघि बढन सके मात्र संस्थागत सफलता प्राप्त गर्न सकिने उनको भनाइ छ ।

सार्वजनिक नियामक निकायका प्रमुखहरूसँगको अन्तरक्रिया कार्यक्रम राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरण, राष्ट्रिय बीमा समिति, विद्युत नियमन आयोग, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, धितोपत्र वोर्ड नेपाल, नेपाल स्कट एक्स्चेन्ज, राष्ट्रिय परीक्षा बोर्ड, नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, चिकित्सा शिक्षा आयोग, केन्द्रीय तहसिल कार्यालय, राष्ट्रिय किताबखाना, राष्ट्रिय सूचना प्रविधि केन्द्र, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड र स्वास्थ्य बीमा बोर्डलगायतका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

छलफलमा संलग्न नियामक निकायहरुले आ-आफ्नो कार्य प्रगति, समस्या र चुनौती तथा आगामी दिनमा सुधार गरेर जाने विषयहरु प्रस्तुत गरेका थिए ।

# २७१ संक्रमित थपिए, एक जनाको मृत्यु



**काठमाडौं/मस–** बुधबार देशभर २७१ जनामा कोरोना भाइरसको संक्रमण देखिएको छ । तीन हजार नौ सय २० परीक्षणमध्ये दुई सय ७१ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले जानकारी दिए । प्रवक्ता ठाकुरका अनुसार बुधबारको सङ्क्रमण दर नौ प्रतिशत रहेको छ । एक हप्तामा छ जनाको निधन भएको छ । चाडपर्वमा हुनसक्ने भीडभाडमा सङ्क्रमण बढ्नसक्ने उनले बताए ।

उपत्यकामा १४७ संक्रमित

काठमाडौंमा उपत्यकामा एक सय ४७ जनामा सङ्क्रमण देखिएको छ । उनका अनुसार ललितपुरमा २९ भक्तपुरमा आठ र काठमाडौंमा एक सय १० जनामा सङ्क्रमित भएका छन् । बुधबार एक सय ७५ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् । निको हुने प्रतिशत ९८.५ प्रतिशत रहेको छ ।

सक्रिय सङ्क्रमितको संख्या तीन हजार एक सय ९४ जना पुगेको छ। यस्तै कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको निधन भएको उनले जानकारी दिए। पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् ।

सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, मुस्ताङ, कालीकोट, हुम्ला, जुम्ला, बझाङ, डोल्पा र मुगु रहेका छन् । हाल होम आइसोलेसनमा तीन हजार ४६, संस्थागत आइसोलेसनमा एक सय ४८, सघन उपचार कक्ष (आइसियु)मा ४२ र भेन्टिलेटरमा आठ जनाको उपचार भइरहेको छ ।

# 'प्रचारप्रसारको कमीले पर्यटन क्षेत्र फस्टाउन सकेन'

**काठमाडौं/मस–** नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पर्यटकस्थलको प्रचारप्रसारमा कमी रहेको बताएका छन् । एकीकृत समाजवादीको केन्द्रीय पर्यटन विभागले बुधबार आयोजना गरेको 'पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको समस्या र चुनौती' विषयक अन्तर्क्रिया कार्यक्रममा पर्यटनको विषयवस्तुको राम्रोसँग प्रचार गर्न नसकिएको बताए ।



'हामीले हिमाल, तालतलैया, मुगुको रारा, संसारको सबैभन्दा अग्लो तिलिचो ताललाई बजारीकरण गर्न सकेको छैनौं,' उनले भने, 'नेपालमा रहेका ऐतिहासिक थलो, गढिको राम्रो ढङ्गले प्रचार गर्ने हो भने पर्यटन आउने छन् ।' उनले भारतको उत्तर प्रदेश र विहार प्रदेशमा गर्मीले उकुसमुकुस भएका मान्छेलाई नेपालको चिसो मौसममा ल्याउनुपर्ने बताए । नारायणहिटी सङ्ग्रहालयलाई ठूलो सङ्ग्रहालयका रुपमा विकास गर्नुपर्ने उनको भनाइ थियो । 'अहिलेसम्म नेपालमा भएका राजतन्त्रकालको सबै चिज सङ्ग्रहालयमा देख्न पाइयोस् । किरात, लिच्छवी, महिसपाल वंश, सेन वंश, शाहवंशले कसरी शासन सञ्चालन गरेका थिए । त्यो सबै कुरा सङ्ग्रहालयमा राख्नुपर्दछ । त्यो हेर्न विदेशी आउने', उनले भने ।

संस्कृति, पर्यटन तथा नागरिक, उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपाल वायुसेवा निगममा विकृति र अस्तव्यस्त रहेकोले सुधार्न आवश्यक रहेको बताए । उनले सरकारले ४७ अर्ब रुपैयाँ बजेट दिए पनि सरकारसँग नेपाल वायुसेवा निगमले समन्वय नगरेकोले अस्तव्यस्त भएको बताए । उनले वायुसेवा निगमले सञ्चालन गरेको ध्वजाबहाक जहाज बिग्रिएर सञ्चालन हुन नसकेको बताए ।

'सरकारसँग समन्वय नगरेर एकल ढङ्गबाट नेपाल वायुसेवा निगम चलाइयो भने समाप्त हुन्छ', उनले भने, 'सरकारको समन्वयमा वायुसेवा निगमले ध्वजाबहाक जहाज सञ्चालन गर्नुपर्दछ ।' अनलाइन टिकट गर्नका लागि आफूले निर्देशन दिए पनि नेपाल वायुसेवा निगमले नमानेको उनले बताए । उनले १२ महिना पर्यटन भित्र्याउन पहल गरिने योजना बनाइरहेको बताए । उनले एक दशकको भ्रमण वर्षका सम्बन्धमा मन्त्रालयबाट निर्णय गरिसकेको भन्दै अव चाँडै नै मन्त्रिपरिषद् बैठकबाट निर्णय गराउने बताए । 'अव एक वर्षको भ्रमणले पुग्दैन', उनले भने, 'नेपालमा धेरै भन्दा धेरै पर्यटक भित्र्याउनका लागि एक दशकको भ्रमण वर्ष चाहिन्छ ।'

कार्यक्रममा डा. बिपी बडालले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय पर्यटन शुल्क मिनाह गरी पर्यटकको बसाइँ तथा खर्च बढाउने कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । कार्यपत्रमाथि राष्ट्रिय योजना आयोगका डा. रामकुमार फुँयाल र नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर दिपेन्द्रपुरुष ढकालले टिप्पणी गर्दै नेपालमा पर्यटनको सम्भावना रहेकोले प्रचारप्रसारको कमी र पर्यटन नीतिगत सुधार आवश्यक रहेको बताएका थिए ।

# १४ लाखको ४४ लाख तिर्दा पनि कर्जा जस्ताको तस्तै




**पोखरिया/मस–** मिटरब्याजीको चंगुलमा फसेर सास्ती खेप्नुपरेको तथा घरबारविहीन हुन पुगेको भन्दै वीरगञ्जमा बुधबार एकैपटक तीन घरपरिवारका सदस्यले संयुक्तरूपमा पत्रकार सम्मेलन गरेका छन् ।

सबै जग्गा जमिन बेचेरे दिए पनि अहिलेसम्म कर्जा जस्ताको तस्तै रहेको भन्दै पीडितले मिटरब्याजीलाई कारवाहीको माग गरेका छन् ।

रौतहटको मौलापुर नगरपालिका-२ सोनरनियाका दयाशंकरप्रसाद यादवले २०७६ साल असोज महिनामा बाराको कलैया उपमहानगरपालिका-५ घुसुकपुरका अनिल यादव प्रियदर्शीसँग १४ लाख रुपैयाँ ऋण लिएका थिए । ऋणको ब्याजबापत उनले रु ४२ लाखभन्दा बढी तिरिसकेको भए पनि ऋण चुक्ता हुन नसकेको दयाशंकरकी आमा सुनैना देवी र श्रीमती सन्ध्या यादवले बताइन् ।

उनीहरुले मिटरब्याजी अनिललाई कारवाहीको माग गरे ।

ऋण चुक्ता गर्ने बेला नगदमा पैसा लिएको तर विश्वासका लागि भन्दै ऋण लिने तथा तमसुक बनाउने बेला मिटरब्याजी अनिलले लिएको चेक हाल पैसा दिए पनि जानीजानी बाउन्स गराई आफ्नो छोरालाई कारागार पठाउन बाध्य बनाएको ७३ वर्षीया आमा सुनैना देवीले गहभरी आँशु पार्दै भनिन् ।

उनले मिटरब्याजीका कारण आफ्नो परिवार सडकमा आएको गुनासो गरिन् । अनिल बाराकै प्रसौनी गाँउपालिका-३ नौतन गण्डकस्थित रामजानकी आधारभूत विद्यालयमा कार्यरत शिक्षक रहेको बुझिएको छ । आफू मिटरब्याजीको धन्दा चलाउने व्यक्ति नभएको र आफ्नो बद्नामी चाहने व्यक्तिहरुले आफूविरुद्ध उजुरी हालेको उनको भनाइ छ । हालै सरकारले मिटरब्याजीविरुद्ध उजुरी हाल्न आह्वान गरेपछि शिक्षक अनिलविरुद्ध जिल्ला प्रशासन कार्यालय बारामा सुनैना देवीसँगै तीन जनाको उजुरी परेको छ । अनिलविरुद्ध सुनैनासँगै बाराकै कलैया उपमहानगरपालिका-१ का युगलकिशोर यादव र महागढीमाई नगरपालिका-७ का किशोरीप्रसाद यादवले पनि उजुरी हालेका छन् । उजुरीकर्ता युगलकिशोरले २७ लाख रुपैयाँ ऋण दिएर ८१ लाख रुपैयाँको कपाली तमसुक बनाएको र हाल पैसा सबै चुक्ता गरे पनि बन्धकी राखिएको कागज फिर्ता दिन आलटाल गरिरहेको बताए ।

त्यस्तै अनिलसँग मिटरब्याजमा ७५ लाख रुपैयाँ ऋण लिएको तर उक्त ऋणको ब्याज मात्रै पाँच करोड रुपैयाँ तिरिसक्दा पनि ऋणको साँवा र ब्याज अझै तिर्न बाँकी रहेको देखाइएको अर्का पीडित किशोरीप्रसाद यादवको दुखेसो छ ।

# काठमाडौं उपत्यकामा रात्रीकालिन सम्पदायात्रा



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले काठमाडौं उपत्यकामा रात्रीकालिन सम्पदायात्रा संचालन गर्ने योजना अघि बढाएका छन् ।

काठमाडौं, भक्तपुर, पाटन र किर्तिपुरका सम्पदा क्षेत्रमारात्रीकालिनपदयात्रा शुरु गर्नेबारे मन्त्री श्रेष्ठले बुधबार सरोकारवालाहरुसँग छलफल समेत गरे ।

मन्त्री श्रेष्ठले रात्रीकालिन सम्पदायात्राले पर्यटकहरूको आगमनमा वृद्धि हुने र उपत्यकामा पर्यटकको बसाइ अवधि लम्विने विश्वास व्यक्त गरे । रात्रीकालिन सम्पदायात्राबाट यहाँका कला, संस्कृति र सम्पदालाई बाह्य तथा आन्तरिक पर्यटकीय गन्तव्यका रुपमा अगाडि बढाउन तथा सम्पदाको जगेर्ना गर्न मद्धत पुग्ने उनले बताए । रात्रीकालिन सम्पदायात्राले उपत्यकाका मठमन्दिर, जात्रा पर्वले मात्रै होइन बाजागाजा, सांस्कृतिक नाच, झाँकी र भजनले पनि पुर्नजीवन पाउनेछन् ।

पर्यटन व्यवसायी र स्थानीयबासिन्दाबीच सहकार्य, सम्पदा उज्यालो देखिने गरी बत्तीको व्यवस्था, सुरक्षाव्यवस्थाका साथै साँझसम्म स्थानीय व्यवसाय संचालनको तयारी पुरा गरी रात्रीकालिन सम्पदायात्रा संचालन गरिनेछ । ऐतिहासिक सम्पदा, मन्दिर, पार्क तथा ढुंगेधाराको रात्रिकालीन अवलोकन निकै आकर्षक एवं मनमोहक हुने पर्यटन व्यवसायीहरुको भनाइ छ । छलफलमाउपत्यकाका स्थानीयतहका प्रतिनिधिका साथै होटल व्यवसायी, पर्यटन व्यवसायी, प्रहरी र स्थानीय संघ-संस्थाका प्रतिनिधि सहभागि भएका थिए ।

दिवाकालीन मात्रै होइन, रात्रिकालीन पर्यटन विकास गर्न तथा सम्पदा बस्तीलाई पर्यटकीय गन्तव्य बनाउनरात्रीकालिन सम्पदायात्रा संचालन गर्न लागिएको हो । रात्रीकालिन सम्पदायात्राले स्थानीयबासिन्दाको आर्थिक समृद्धिमा सहयोग पुग्नेछ । रात्रिकालीन पर्यटन प्रवर्द्धन गर्न सम्पदा क्षेत्रहरू उपयुक्त रहेको मन्त्री श्रेष्ठले बताए ।

मन्त्री श्रेष्ठले आफ्नो पर्यटन पुनर्उत्थान कार्ययोजनामा पनि उपत्यकामा रात्रीकालिन सम्पदायात्रा संचालन गर्ने उल्लेख गरे ।

## जबराको...

होइन र ?' जबराले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने अरु न्यायाधीशहलाई भने पदक दिइएको सम्झिएका थिए । जबराले महाअभियोग लगाउने दलहरुमाथि पनि गम्भीर आरोप लगाए ।

ललिता निवासको मुद्दा अगाडि बढाउने तयारी भएपछि आफूविरुद्ध महाअभियोग लगाइएको तर्क गरे । तर स्वतन्त्र भएर मुद्दा अगाडि बढाउँदा महाअभियोग खेप्नुपरेको जबराको तर्क थियो । उनले महाअभियोग नै निष्कृय भइसकेको समेत तर्क गरे । संविधानतः संसद अधिवेशन अन्त्य भएपछि प्रस्तावहरु स्वतः निष्कृय हुने भएकाले महाअभियोग निष्कृय भइसकेको बताएका थिए ।

जबराले अधिवक्ताहरुमाथि पनि गम्भीर आरोप लगाए । बारका अध्यक्ष र महासचिवले कोटामा न्यायाधीश मागेको जबराको भनाइ थियो । तर कोटामा न्यायाधीश नपाएपछि महाअभियोग लगाइएको उनले बताएका छन् । जबरामाथि सत्तारुढका ९८ सांसदले महाअभियोग लगाएका छन् ।

तर महाअभियोग पारित हुने सम्भावना भने छैन । किनकि प्रमुख प्रतिपक्षी दल नेकपा एमाले जबराको पक्षमा उभिएको छ । एमाले जबरासँग उभिएकाले महाअभियोग पारित हुने सम्भावना छैन। महाअभियोग पारित नभएपनि सत्तारुढले जबरालाई सर्वोच्च जान रोक्ने मनसाय बनाएको छ। त्यसैले संसद अधिवेशन अन्त्य हुने बेलातिर मात्रै महाअभियोग प्रस्ताव अगाडि बढाइएको छ ।

## बढ्यो...

बाटो मिचेर पसल राख्ने, जथाभावी टहरा बनाउँदा बजार अव्यवस्थित र कुरूप बनेको भन्दै अनुगमन सहित हटाउन निर्देशन दिएको हो ।

पोखरा महानगरपालिकाले पनि ३५ दिने सूचना जारी गरी अन्डरग्राउन्ड पार्किङ प्रयोग गर्न आग्रह गरेको छ । 'पोखरा महानगरपालिका क्षेत्रभित्र पार्किङ प्रयोजनका लागि नक्सा स्वीकृत गरी निर्माण भएका भूमिगत तलासहितका भवनहरूको भूमिगत तलालाई पार्किङमा प्रयोग नगरी अन्य प्रयोगमा ल्याउनुभएका घरधनीहरूलाई आजका मितिले ३५ (पैंतिस) दिनभित्र भूमिगत तलालाई खालि गरी पार्किङको रूपमा प्रयोगमा ल्याउनुहुन अनुरोध गरिन्छ । अन्यथा कानुनबमोजिम हुने बेहोरा जानकारी गराइन्छ,' महानगरको सूचनामा भनिएको छ।

पोखरामा करिब २५० वटा अन्डरग्राउन्ड सहित भवन मध्ये करिब ६० वटा भवनले मात्रै अन्डरग्राउन्डलाई पार्किङका रूपमा प्रयोग गर्दै आएका छन् । तसर्थ, मेयर धनराज आचार्यले नियमको पालना नगर्नेलाई दण्ड सजाय हुने बताउँदै आएका छन् ।

काठमाडौंका मेयर शाह मात्रै नभएर देशभरका मेयरहरु अवैध संरचना हटाउन लागिपर्दा नियम मिच्नेहरु कानूनको दायरामा आउने चर्चा भने चुलिन थालेको छ । यद्यपि, कतिपय व्यापारीहरुले भने महानगर र नगरको निर्देशनलाई अटेर गर्दै आईरहेका छन् । मेयरहरुको बढ्दाे सक्रियताले भने नियम विपरित कार्य गर्नेहरु छिट्टै कानूनको दायरामा आउने देखिएको छ। अझ काठमाडौंका मेयर शाहले ते २०७२ सालदेखि कर नतिरेको काठमाडौं फनपार्कलाई कर तिर्न २४ घण्टे अल्टिमेटम दिएका छन् ।

## भिजिट...

गैरकानूनीरूपमा कुवेत लैजान लागेको पुष्टि भएपछि पीडितले आवश्यक कानूनी कारबाहीका लागि ब्युरोमा जाहेरी दिएको मल्लले बताए ।

आरोपीमाथि मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार अनुसन्धान भइरहेको र खोजीकार्य जारी रहेको ब्युरोले जनाएको छ । उनीहरुको नाम भने ब्युरोले खुलाएको छैन ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/१६**

**गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consaltency Pvt. Ltd.)** को साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consultancy Pvt. Ltd.) (प्रा.लि. नं. २१०४८७)** कायम गर्ने गरी मिति २०७९/०५/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**गोदावरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**जानकारी गराइएको सूचना**

मिति २०७९/०५/१५ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस नगरपालिकाको **'करार कर्मचारी आवश्यकता सम्बन्धी सूचना'** को **विज्ञापन नं. ८/२०७९/८०** को पद **कृषि स्नातक**को **न्यूनतम शैक्षिक योग्यताः "कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उर्त्तिण भएको"** हुनुपर्नेमा भुलवश छुट्न गएकोले यसै सूचनाद्वारा संबन्धित सबैमा जानकारी गराईन्छ ।

**मलेशियामा रोजगार** | कम्पनीः **AYAM HEBAT PROSESAN SDN BHD**
शहर : **PINANG**

पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६५०९ **LT. No.: 269363**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ भदौ २३ गते (8 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1234/074/075
**TILICHO OVERSEASE PVT. LTD.**
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः **AM CERAMIC (M) SDN BHD**
शहरः **JALAN**

पुर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६५०७ L.T. No.: 270636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ भदौ २३ गते (8 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com

# ऋषि पञ्चमी मनाइँदै



**काठमाडौं/मस–** भाद्र शुक्ल पञ्चमीका दिन मनाइने ऋषि पञ्चमी सप्त ऋषिको पूजा आराधना गरी मनाउँदैछन् ।

महिलाले आज बिहानै उठेर स्नान गरी मंगलबारको हरितालिकाको व्रत समापनका लागि गोदान, पूर्णपात्रलगायत धार्मिक कृत्य गरी सवा सात बजेपछि नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्दछन् ।

हरितालिका (तीज)को व्रत एवं पूजा आजा महिला पुरुष दुवैले गर्ने शास्त्रीय वचन रहेपनि ऋषि पञ्चमी भने महिलाका लागि मात्र गर्नुपर्ने शास्त्रीय वर्णन रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष एवं धर्मशास्त्रविद् प्रा.डा रामचन्द्र गौतम बताउँछन् ।

रजस्वलाका समयमा छाई छुईलगायत कुनै त्रुटि भएको भए आज ऋषि पञ्चमीको दिन अरुन्धतीसहित सप्त ऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ । नारीलाई रजस्वलाको प्रथम दिन चाण्डाल्नी, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोबिनी र चौथो दिन स्नान गरी शुद्ध हुन्छिन् भन्ने विश्वास गरिन्छ । यसैकारण आजको दिन दत्तिउन,गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछुतको दोष निवारण हुन्छ भन्ने शास्त्रीय वचन छ ।

यसरी स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ । जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ । सप्त ऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषि पञ्चमी भन्ने गरिएको हो ।

महिलाको रजस्वलासित जोडिएको ऋषि पञ्चमीका विषयमा एउटा किम्बदन्ती पनि प्रचलित छ । प्राचीन समयमा इन्द्रले विश्वरुपको शिरलाई तीन टुक्रा पारी हत्या गरेको कारण ब्रह्म हत्याको पाप भोग्नुपर्यो । यस हत्याबाट पिरोलिएका इन्द्रले आफ्नो दुःख ब्रह्मालाई सुनाए । इन्द्रको ब्रह्म हत्या निवारणका लागि ब्रह्माले एक वर्षसम्मको दोष इन्द्रलाई भोग गराई बाँकी दोष पृथ्वी, वृक्ष, जल र स्त्रीमा चार भाग लगाई चारैतिर फयाँकिदिए । यसैकारण उब्जनी नहुने उषरभूमि, वृक्षबाट निस्कने खोटो, पानीमा निस्कने बुदबुद फेन अर्थात् फिँज र स्त्रीमा रज देखिन थालेको धार्मिक विश्वास छ ।

## एक वर्षमा ३४ युट्युब च्यानलमाथि कारबाही

काठमाडौं/मस-प्रेस काउन्सिल नेपालले एक वर्षको अवधिमा आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ३४ युट्युब च्यानललाई कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)लाई सिफारिस गरेको छ ।

काउन्सिलले २०७८ साउन १ गतेदेखि आजको मितिसम्म गरेर ती युट्युब च्यानललाई अनुसन्धान गरी आवश्यक कारबाही गर्न नेपाल प्रहरीको (साइबर ब्युरो)लाई सिफारिस गरेको हो । काउन्सिलले पत्रकारिताका मूल्य र मान्यताविपरीत, गलत, समाजमा उत्तेजना/अफवाह फैलाउने, सामाजिक सद्भाव बिगार्ने, अन्तर्राष्ट्रिय समझदारी र मित्रराष्ट्रबीच भाइचाराको सम्बन्धमा खलल पुर्‍याउने खालका च्यानललाई कारबाही गरेको छ । यस्तै अदालतमा विचाराधीन अवस्थामा रहेका विषय न्यायिक निरुपणमा प्रभाव पार्ने, वैयक्तिक गोपनीयता प्रतिकूल, पीडितलाई थप पीडा पुग्ने खालका सामग्री सम्प्रेषण भएका युट्युब च्यानललाई कारबाही गर्दै आएको छ ।

काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराले विज्ञप्ति जारी गर्दै सामाजिक सद्भाव बिथोल्ने, जातीय एवं धार्मिक सहिष्णुता खल्बलाउने किसिमका सामग्री सम्प्रेषण गर्ने 'वीरगोर्खाली' नामक युट्युब च्यानललाई अनुसन्धान गरी आवश्यक कारबाही गर्न सिफारिस गरेपछि उक्त संख्या ३४ पुगेको जनाएका छन् ।

उक्त 'वीरगोर्खाली' च्यानलले केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवा, प्रमुख विपक्षी दलका नेता केपी शर्मा ओलीसहितका नेतालाई आधारहीन आरोप र गालीगलौजसहितको सामग्री सम्प्रेषण गरेको थियो । राजनीतिक दलका नेताहरूलाई गालीगलौज गरी घृणास्पद अभिव्यक्ति/सामग्री राख्ने उक्त युट्युब च्यानल कारबाहीमा परेको हो । नियमित समाचारजन्य सामग्री सम्प्रेषण गरे पनि उक्त युट्युब च्यानल समाचार माध्यमका रूपमा कतै दर्ता नभएको काउन्सिलले जनाएको छ ।

स्वअनुगमनका क्रममा युट्युबमा प्रसारित सामग्रीमा प्रस्तुतकर्ताले आफ्नो व्यक्तिगत धारणा राख्दै प्रायोजित ढंगबाट प्रश्न गरेको, राजनीतिक दलका नेताहरूको व्यक्तिगत मानमर्दन हुनेगरी नाम उल्लेख गरी उत्तेजित बनाउने खालका प्रश्नहरू राखेको देखिएको हुँदा कारबाहीका लागि साइबर ब्युरोलाई नै सिफारिस गर्नुपरेको काउन्सिलका सूचना अधिकारीसमेत रहेका बोहराले बताए ।


## बहराइनमा रोजगार | कम्पनी : ABU - OBAID CONT. & TRADING GROUP W.L.L. शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७७/११/१९ चलानी नं.: ६०१५४९१८ L.T. No.: 236390 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor Scaffolding | 4 | 0 | स. काममा दक्ष | 200 | ६७,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scaffolders (With Gcc Experience) | 20 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 3. | Worker (Scaffolding) | 10 | 0 | | 100 | ३३,७३२ | | | | | | | |
| 4. | Scaffolder Foreman | 5 | 0 | | 150 | ५०,५९८ | | | | | | | |
| 5. | Electrician (Gcc Experience) | 5 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 6. | Plumber Gcc Experience | 5 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 7. | Mason Gcc Experience | 15 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 8. | Receptionist / Office Assistant | 1 | 1 | | 120 | ४०,४७८ | | | | | | | |
| 9. | Insulator Fitter (Thermal Cladding Aluminum Type) | 15 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 10. | Fabricator (Thermal Cladding Aluminum Type) | 10 | 0 | | 150 | ५०,५९८ | | | | | | | |
| 11. | Carpenter Finishing (Gcc Experience) | 5 | 0 | | 120 | ४०,४७८ | | | | | | | |
| 12. | Painter - Spray | 5 | 0 | | 120 | ४०,४७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २३ गते (8 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Cherish Oversease Pvt. Ltd** श्रम इजाजत नं. १३०४/०७४/०७५
Samakhusi Town Planning, Kathmandu, Tel.: 01-4363776 4380414, Mobile No. 9851003818, 9851052386
E-mail : overseascherish@gmail.com, Website: cherishoverseasnp.com.np

## रोमानियामा रोजगारको अवसर | कम्पनी : WORK INN LOCATIONS SRL शहरः Romania, BRASOV

पूर्व स्वीकृत मितिः २०७९/११/०२ चलानी नं.: ६०१७५३०९ LT. No.: 258938 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६९,७५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 10 | 0 | | 650 | ८२,४३९ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६९,७५६ | | | | | | | |
| 4. | General Worker | 70 | 10 | | 550 | ६९,७५६ | | | | | | | |
| 5. | Housemaid | 0 | 10 | | 550 | ६९,७५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २३ गते (8 September 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**S.N.Recruiting Service Pvt.Ltd.** Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9851123476
E-mail : snrecruitingnepal@gmail.com

## मलेसिया र कतारमा रोजगारीको अवसर

१. कम्पनीः CRAFTSTONE INTERNATIONAL SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६४९८ LT. No.: 270648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः E.D.WOOD MARKETING SDN BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६५०१ LT. No.: 270645

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः TUNGLIP PRECISION INDUSTRY SDN BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८६४९९ LT. No.: 270647

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः IBRASA TRADING. शहरः Doha
पूर्व स्वीकृत मितिः २०७९/०३/१६ चलानी नं.: ६०१८२२१८ LT. No.: 266258 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labor Services | 3 | 0 | | 1000 | ३४,६२० | | | | | | | |
| 3. | Manager | 1 | 0 | | 5700 | १,९७,३३४ | | | | | | | |
| 4. | Marketing Manager | 0 | 1 | | 5700 | १,९७,३३४ | | | | | | | |
| 5. | Receptionist | 0 | 1 | | 1300 | ४५,००६ | | | | | | | |
| 6. | Sales Employee | 1 | 0 | | 1300 | ४५,००६ | | | | | | | |
| 7. | Store Keeper | 1 | 0 | | 1900 | ६५,७७८ | | | | | | | |
| 8. | Supervisior | 1 | 0 | | 2500 | ८६,५५० | | | | | | | |
| 9. | Salesman | 6 | 0 | | 1300 | ४५,००६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २३ गते (8 Sept. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**श्रृष्टि ओभरसिज इम्प्लोईमेन्ट सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. ३५८/०५९/०६०
नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोनः ०१-४७८३३४७, फ्याक्सः ०१-४७८३३४८

## ZERO COST EMPLOYMENT OPPORTUNITY for Qatar Airways!!
## शून्य लागतमा कतार एयरवेजमा रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator !
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

QATAR AIRWAYS القطرية

Qatar Airways is one of the youngest global airlines to serve all six continents, and the world's fastest-growing airline. QA connect more than 140 destinations on the map every day, with a fleet of the latest-generation aircraft, and an unrivalled level of service from its home and hub, the Five-star airport, Hamad International Airport in Doha, the State of Qatar.

रोजगारदाता कम्पनी : कतार एयरवेज
Employer Company : QATAR AIRWAYS

| पूर्व स्वीकृत मितिः २०२२/०८/२९ | चलानी नं: ६०१८६३१५ | एल टि नं : २६९९३६ |
|---|---|---|
| Pre Approval Date: 2022/08/29 | Invoice No.: 60186315 | LT No.: 269936 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary कतारी रियाल QAR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Assistant | 10 | 5 | अंग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष (Proficient in reading, writing and speaking English) | 3933 | १३६,८६८ | कम्पनीको नियम अनुसार (As per the company rule) | ८ घण्टा (8 Hours) | ६ दिन (6 Days) | कम्पनीको नियम अनुसार (As per the company rule) | छ (Yes) | छ (Yes) | दुई वर्ष (2 Years) |
| 2 | Administration Coordinator | 10 | 10 | | 5113 | १७७,९३२ | | | | | | | |
| 3 | Baggage Team Leader | 15 | 0 | | 3933 | १३६,८६८ | | | | | | | |
| 4 | Bond Assistant I | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 5 | Cargo & Baggage Transport Driver | 15 | 0 | | 2005 | ६९,७७४ | | | | | | | |
| 6 | Chef de Partie | 5 | 5 | | 4500 | १५६,६०० | | | | | | | |
| 7 | Cleaner | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 8 | Cleaner/ Dishwasher | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 9 | Customer Service Agent | 10 | 5 | | 3228 | ११२,३३४ | | | | | | | |
| 10 | Customer Service Team Leader | 10 | 0 | | 3228 | ११२,३३४ | | | | | | | |
| 11 | Customer Services Agent II | 10 | 5 | | 2150 | ७४,८२० | | | | | | | |
| 12 | Equipment Operator | 15 | 0 | | 3147 | १०९,५१६ | | | | | | | |
| 13 | equipment packing assistant I | 10 | 0 | | 1570 | ५४,६३६ | | | | | | | |
| 14 | Equipment Packing Assistant II | 10 | 0 | | 2150 | ७४,८२० | | | | | | | |
| 15 | Equipment Processing Assistant I | 10 | 0 | | 1570 | ५४,६३६ | | | | | | | |
| 16 | Equipment Processing Assistant II | 10 | 0 | | 2150 | ७४,८२० | | | | | | | |
| 17 | First Commis Chef | 5 | 5 | | 3080 | १०७,१८४ | | | | | | | |
| 18 | Front Desk Agent/ Receptionist | 10 | 10 | | 2350 | ८१,७८० | | | | | | | |
| 19 | Front Desk Supervisor | 10 | 10 | | 3245 | ११२,९२६ | | | | | | | |
| 20 | General Technician | 20 | 0 | | 2484 | ८६,४४३ | | | | | | | |
| 21 | Ground Handling Agent 1 | 20 | 0 | | 1570 | ५४,६३६ | | | | | | | |
| 22 | Ground Handling Agent I | 15 | 0 | | 1570 | ५४,६३६ | | | | | | | |
| 23 | Ground Handling Agent II- GSE | 15 | 0 | | 2005 | ६९,७७४ | | | | | | | |
| 24 | Head Housekeeping Supervisor | 10 | 10 | | 3245 | ११२,९२६ | | | | | | | |
| 25 | House Keeping Attendant | 10 | 10 | | 1544 | ५३,७३१ | | | | | | | |
| 26 | Housekeeping Attendants | 10 | 10 | | 1544 | ५३,७३१ | | | | | | | |
| 27 | Housekeeping Supervisor | 10 | 10 | | 2509 | ८७,३१३ | | | | | | | |
| 28 | Hygiene Agent | 5 | 5 | | 3228 | ११२,३३४ | | | | | | | |
| 29 | Hygiene Assistant I | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 30 | Junior Storekeeper | 10 | 0 | | 2250 | ७८,३०० | | | | | | | |
| 31 | laundry assistant I | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 32 | Laundry Assistant II | 5 | 5 | | 2150 | ७४,८२० | | | | | | | |
| 33 | Laundry Supervisor | 10 | 10 | | 2331 | ८१,११९ | | | | | | | |
| 34 | Life Guard | 15 | 5 | | 1678 | ५८,३९४ | | | | | | | |
| 35 | Linen Runner | 10 | 10 | | 1544 | ५३,७३१ | | | | | | | |
| 36 | Loading Assistant II | 10 | 0 | | 2150 | ७४,८२० | | | | | | | |
| 37 | Message Therapist.. | 10 | 10 | | 3136 | १०९,१३३ | | | | | | | |
| 38 | Pax Transportation Driver | 15 | 0 | | 2589 | ९०,०९७ | | | | | | | |
| 39 | Porter | 10 | 0 | | 1510 | ५२,५४८ | | | | | | | |
| 40 | Porterage Services Agent | 15 | 0 | | 3228 | ११२,३३४ | | | | | | | |
| 41 | Recreation Attendant | 10 | 10 | | 1544 | ५३,७३१ | | | | | | | |
| 42 | Recreation Receptionist | 10 | 10 | | 1734 | ६०,३४३ | | | | | | | |
| 43 | Recreation Supervisor | 10 | 10 | | 3245 | ११२,९२६ | | | | | | | |
| 44 | Reservations Agent | 10 | 10 | | 2341 | ८१,४६७ | | | | | | | |
| 45 | Sales Assistant | 5 | 5 | | 3080 | १०७,१८४ | | | | | | | |
| 46 | Second Commis Chef | 5 | 5 | | 3228 | ११२,३३४ | | | | | | | |
| 47 | Senior Front Desk Agent | 10 | 10 | | 2867 | ९९,७७२ | | | | | | | |
| 48 | Senior Front Desk Supervisor | 10 | 10 | | 5113 | १७७,९३२ | | | | | | | |
| 49 | Senior Housekeeping | 10 | 10 | | 1997 | ६९,४९६ | | | | | | | |
| 50 | Sous Chef | 5 | 5 | | 3135 | १०९,०९८ | | | | | | | |
| 51 | Stores Assembler 1 | 10 | 0 | | 3147 | १०९,५१६ | | | | | | | |
| 52 | Stores Assembler 2 | 10 | 0 | | 2150 | ७४,८२० | | | | | | | |
| 53 | Stores Assembler Level 1 | 10 | 0 | | 1570 | ५४,६३६ | | | | | | | |
| 54 | Third Commis Chef | 5 | 5 | | 2150 | ७४,८२० | | | | | | | |
| 55 | tray setter I | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |
| 56 | tray setter II | 5 | 5 | | 2150 | ७४,८२० | | | | | | | |
| 57 | Trolley Services Agent | 15 | 0 | | 3228 | ११२,३३४ | | | | | | | |
| 58 | Unit Load Device Administrator | 15 | 0 | | 3933 | १३६,८६८ | | | | | | | |
| 59 | wai t er | 10 | 10 | | 1656 | ५७,६२९ | | | | | | | |
| 60 | waiter | 5 | 5 | | 3228 | ११२,३३४ | | | | | | | |
| 61 | Ware Washer I | 5 | 5 | | 1570 | ५४,६३६ | | | | | | | |

नोटः आबेदकहरुलाई अवैध भर्तीकर्ताहरू देखि सचेत हुन अनुरोध गरिन्छ र कुनै बिचौलिया को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

Note: Applicants are requested to be aware of the illegal recuiters and are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/ not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्टयाम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने : उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer: Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

प्रि–अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा धमाधम भईरहेको छ । इच्छुक आवेदकहरूले व्यक्तिगत विवरण र सहायक कागजातहरूको साथ प्रि–अन्तर्वार्ताको लागि उपस्थित हुन सक्छन् ।
Pre Interview being conducted at the IMR Office, Gwarko, Lalitpur in full swing. Interested applicants may visit us with the CV and its supporting documents.

**फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति भदौ २३ गते बिहिवारको दिन हुनेछ।**
**Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 8th September 2022 i.e. on Thursday.**

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
